नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३३ अंक ३९ २०८० साल भदौ १८ गते सोमबार (4 Sep. 2023 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : हेलो सरकार २४सै घण्टा सञ्चालनमा,. ३ पृष्ठमा : चन्द्रमामा भारत, कसले जित्ला ... ३ पृष्ठमा मध्यआकाशमा इजिप्टको ...

# हिन्दु राष्ट्र तथा गौं हत्यामा संलग्नलाई कारवाहीको माग गर्दै प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौ ।**

अहिले सप्तरीमा दिनहुँजसो गौ हत्यामा संलग्नमाथी कारवाही तथा हिन्दु राष्ट्र घोषणाको माग गर्दै प्रदर्शन भइरहेको छ । सुनसरीको धरानमा भएको गौ हत्यामा संलग्नलाई पक्राउ गरी कडा कारवाहीको माग गर्दै विभिन्न हिन्दुवादी संघसंस्थाहरुले सो प्रदर्शन गरिरहेका हुन् ।

यसैबीच आइतबार विश्व हिन्दु परिषद् नेपाल, कबिर पन्थ, रमानन्दी वैष्णव संघ, भगताही फरुस्थ, हिन्दु स्वंयसेवक संघ र हनुमान अराधाना मण्डल सप्तरी लगायतका संघ संस्थाको अगुवाईमा गाउँ गाउँबाट पुगेका साधु, सन्त तथा हिन्दुवादी अगुवाहरुले प्रर्दशन गरेका छन् ।




सो प्रदर्शनमा धर्म निरपेक्षता खारेज गर, हिन्दु राष्ट्र कायम गर, गौ हत्या बन्द गर लगायतका नारासहित गौं हत्यामा संलग्न रहेकाहरुलाई अबिलम्व पक्राउ गरी कडा कारवाही तथा नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्न माग गरिएको छ ।

स्थानीय भगवती मन्दिर प्राङ्गणबाट निस्किेको जुलुस नगर क्षेत्र परिक्रमा पश्चात पुनः सोही ठाउँमा पुगी विरोध सभामा परिणत भएको थियो ।

सभामा विश्व हिन्दु परिषद् नेपाल सप्तरीका अध्यक्ष राम किसुन साह, विश्व हिन्दु परिषद नेपालका राष्ट्रिय सचिव राम नारायण ठाकुर, हिन्दु स्वयसेवक संघ सप्तरीका संघ चालक भोगेन्द्र झा, सन्त जिवछ साहव, मोती दास, भोला दास, फुलेश्वर यादव लगायतले राष्ट्रिय जनावर तथा हिन्दहरुको आस्थाको प्रतिक गाईलाई मारेर खानु कानुन विपरित हुनुका साथै धर्म संस्कृति र परम्परामाथी नै प्रहार भएको बताए ।

महिलाहरुको उल्लेख्य सहभागिता रहेको उक्त प्रदर्शनमा गौं हत्यामा संलग्नमाथी कारवाही तथा हिन्दु राष्ट्रका लागी चरणबद्धरुपमा आन्दोलन जारी राख्ने उद्घोष समेत गरिएको छ ।

## डेङ्गु सङ्क्रमण २१ हजार नाघ्यो

काठमाडौं, १७ भदौ (रासस) ।

नेपालमा डेङ्गु सङ्क्रमण बढिरहेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार हालसम्म डेङ्गु सङ्क्रमण २१ हजार दुई सय छ जनामा पुष्टि भएको छ ।

महाशाखाले भदौ र असोजमा डेङ्गु सङ्क्रमण उच्च हुने प्रक्षेपण गरेको थियो । सङ्क्रमणबाट १३ जनाको निधन भएको छ । महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासनीले पानी परिरहेकाले डेङ्गु सङ्क्रमण दैनिकरूपमा बढेको बताउनुभयो ।

नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो ।

सङ्क्रमण देखिएकामध्ये सबभन्दा बढी सुनसरी जिल्लामा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा ११ हजार छ सय ५९ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । सुनसरीपछि मोरङमा दुई हजार दुई सय ४२, धादिङमा दुई हजार एक सय एक, झापामा एक हजार तीन सय २३, काठमाडौँमा चार सय २७, धनकुटामा तीन सय ३६, सङ्खुवासभामा दुई सय ७२, कास्कीमा दुई सय ६०, दार्चुलामा एक सय ९४ र ललितपुरमा एक सय ७४ जना डेङ्गुका बिरामी भेटिएका छन् ।

डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्छ ।

## प्रतिजैविक औषधिको लेबलमा रातो धर्का राख्न निर्देशन

काठमाडौं, १७ भदौ (रासस) ।

औषधि व्यवस्था विभागले प्रतिजैविक (एन्टिबायोटिक) औषधिको लेबलमा रातो धर्का राख्न निर्देशन दिएको छ । विभागका महानिर्देशक नारायणप्रसाद ढकालले प्रतिजैविक औषधि उपभोक्ताले चिकित्सकको परामर्शबिना नखाउन भन्नका लागि रातो धर्का राख्न निर्देशन दिइएको बताउनुभयो ।

"उपभोक्तले रातो धर्का भएको औषधि चिकित्सकको पर्चा (प्रिस्क्रिशन)को आधारमा खानुपर्दछ, जथाभावी नखाउन भनेर प्रतिजैविक औषधिमा रातो धर्काको अभियान सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "औषधिको लेवलमा रातो धर्का भएमा उपभोक्ताले जथाभावी रुपमा नखानु भनेर सचेत गराइने छ ।" उहाँले रातो धर्का भएको औषधि प्रतिजैविक औषधि हो भनेर उपभोक्तालाई चिनाउन पनि अभियान सञ्चालन गरिएको बताउनुभयो ।

विभागले बजारिकृत हुने समूह 'ख' प्रतिजैविक वर्गको औषधिको पहिलो र दोस्रो 'प्याकिङ्ग' सामग्रीको मौज्दात सकिएपछि वा निर्णय भएको मितिले बढीमा छ महिनापछि उत्पादन हुने औषधिमा अनिवार्य रुपमा लेवलमा रातो धर्का राख्न उत्पादक तथा आयातकर्तालाई निर्देशन दिएको छ ।

प्रतिजैविक औषधिको

***बाँकी अन्तिम पृष्ठमा***

# कोशी प्रदेश सरकार बिरुद्ध दायर मुद्दालाई पूर्ण इजलासमा पठाउने सर्वोच्च अदालतको निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ भदौ ।**

कोशी प्रदेशमा मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिएको प्रक्रियाबारे प्रश्न उठाउँदै नेकपा एमाले संसदीय दलका नेता हिक्मत कार्कीले दायर गरेको रिटको निर्णय अब पूर्ण इजलासबाट हुने भएको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासमा पेसी तोकिएको यो मुद्दालाई पूर्ण इजलासमा पठाउने निर्णय भएको हो ।

पूर्ण इजलासमा पठाउने निर्णय गर्दै न्यायाधीशद्वयले निवेदनको विषय वस्तु गम्भीर भएको ठहर पनि गरेका छन् ।

सर्वोच्चले उस्तै प्रकृतिको मुद्दा यसअघि पनि निराकरण भइसकेको अवस्थामा फेरि जटिल कानुनी प्रश्न समावेश भएको देखिएको पनि उल्लेख गरेको छ ।

'यसमा प्रस्तुत निवेदनको विषयवस्तु हेर्दा, यिनै निवेदक पक्ष र यिनै विपक्षी विपक्षीसमेत भएको ०७२-डब्लुओ-१४९४ को उत्प्रेषण मुद्दामा प्रस्तुत मुद्दासँग समान प्रकृतिको भई पूर्ण इजलासबाट निराकरण भइसकेको देखिएकोले प्रस्तुत मुद्दामा पनि जटिल कानूनी प्रश्न समावेश भएको देखियो', सर्वोच्चले भनेको छ, 'त्यसको निराकरण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) (ग) बमोजिम आगामी १८ गते पूर्ण इजलासमा पेश हुने गरी पेशी तोकी नियमानुसार पेश गर्नू ।'

यससँगै मुख्यमन्त्री थापाले विश्वासको मत लिँदा अपनाएको विधि असवैधानिक भएको दाबी गरी परेको रिट निवेदनको निरुपण पूर्ण इजलासमा हुने भएको हो ।

यसअघि भदौ १५ गते न्यायाधीश ईश्वरप्रसाद खतिवडा र सुष्मालता माथेमाको संयुक्त इजलासमा पेसी तोकिए पनि सुनुवाइ भएको थिएन ।

त्यसअघि भदौ ७ गते पनि उक्त मुद्दाको प्रारम्भिक सुनुवाइ खतिवडाकै एकल इजलासमा भएको थियो ।

खतिवडाले विश्वाको मत लिएको प्रक्रिया नमिलेको बताएका थिए । कोशी सरकारलाई दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्न आदेश दिँदै विश्वासको मत लिँदाको सक्कल फाइल उनले झिकाएका थिए ।

कोशी प्रदेशका मुख्यमन्त्री थापाले भदौ ४ गते प्रदेश सभाबाट विश्वासको मत लिएका थिए । उनलाई सभाको अध्यक्षता गरेका सांसद इस्माइल मन्सुरले पनि मत दिएका थिए ।

यसविरुद्ध नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले भदौ ६ गते सर्वोच्चमा रिट दिएका हुन् । उनले प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री थापा, प्रदेश सभा सचिवालयलाई विपक्षी बनाएका छन् ।

**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कृषिलाई प्राथमिकतामा राखौं

विगत एक दशकदेखी नेपालमा आकाशे पानी कै भरमा कृषि गरिदै आएको छ । वर्षाको पानीको भरमा कृषि क्षेत्र आश्रृत रहदा पनि कुनै तहको सरकार यसप्रति गम्भिर भएको देखिन्न् । सिंचाईको उचित व्यवस्था नभएको नेपालको कृषि प्रणाली अझै सुदृढ हुन सकेको छैन । रोपाईंका बेला राम्रो वर्षा नभए उत्पादनमा ह्रास आउने पक्कै हुन्छ । तर, हामी सधैं खेतीका लागि वर्षामै भर पर्छौं । यद्पी हरेक वर्ष वर्षाले हामीलाई साथ दिन्छ भन्ने छैन् ।

सप्तरीमा सिँचाई अभावमा प्रत्येक वर्ष १० देखि ४० हजार हेक्टर खेती योग्य जमीन बाँझो रहने गरेको तथ्याङ्कले देखाइरहेको छ । खेती प्रणालीलाई वैज्ञानिकीकरण गर्दै सिँचाई, मल लगायत आवश्यक व्यवस्था गर्न सकिए सप्तरीमा धान उत्पानको दर प्रति हेक्टर चार देखि पाँच मेट्रिक टनसम्म पु¥याउन सकिने कृषि जानकारहरुको कथन छ । तर, विडम्बना जिल्लास्थित चन्द्रनहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरी तीन ठुला सिँचाई प्रणाली र ग्रामीण पूर्वाधार विकास कार्यक्रम एवं सिंचाई सेक्टरका अन्तर्गतका अन्य सानातिना सिँचाई व्यवस्था रहे पनि तिनको अस्तव्यस्त र जीर्ण अवस्थाका कारण रोपाईका समयमा सिँचाईको अभाव हुने गरेको छ ।

आकाशे वर्षाको भरमा र पुरातन कृषि प्रणालीका भरमा उत्पादन वृद्धि गर्न सकिन्न । तीनै तहका सरकारले कृषिलाई वैज्ञानिकीकरण गर्न तर्फ अग्रसरता देखाउनु आवश्यकता रहेको छ । तसर्थ कृषिमा तुलनात्मक रुपमा उत्पादन वृद्धि गर्ने लैजानका लागि कृषि प्रणालीलाई वैज्ञानिकीकरण गर्दै जानुको विकल्प छैन ।

# हेलो सरकार २४सै घण्टा सञ्चालनमा, प्रधानमन्त्रीद्वारा समुद्घाटन

काठमाडौं, १७ भदौ (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सिंहदरबारमा विगत १२ वर्षदेखि सञ्चालनमा रहेको 'हेलो सरकार' सेवालाई दैनिक तीन सत्रमा विस्तार गरेर २४सै घण्टा सञ्चालन प्रक्रियाको शुभारम्भ गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आइतबार हेलो सरकार कक्षको निरीक्षण र अनुगमनसहित जनताका समस्या सम्बोधन गरी तीन सिफ्टको कार्यक्रम शुभारम्भ गर्नुभएको हो । समारोहमा नेपाल सरकारका मुख्यसचिव, सचिवहरू, विभागीय प्रमुखहरू, मन्त्रालय तथा केन्द्रीय निकायका गुनासो सुन्ने अधिकृत, हेलो सरकार कक्षमा कार्यरत कर्मचारी सहभागी हुनुहुन्थ्यो ।

यसअघि नेपाल टेलिकमबाट मात्र सेवा प्रवाह हुने गरेकामा विस्तारित गरिएको कार्यक्रममा आइतबारबाट एनसेलको नेटवर्क बाटसमेत गुनासो राख्न सकिनेछ । गुनासोहरू फोन, इमेल, फेसबुक, ट्वीटर, पोर्टल, भाइबर, ह्वाट्सएपलगायतका डिजिटल माध्यमबाट टिपाउन सकिनेछ । हेलो सरकारको डेस्कले प्राप्त गुनासो तत्काल सम्बोधन गरी सोको जानकारी सम्बन्धित निवेदकलाई दिने व्यवस्था मिलाइएको छ ।

हेलो सरकार २४सै घण्टा सञ्चालनका लागि तीन सिफ्टको कार्यतालिका निर्माण गरी सोहीअनुरूप कर्मचारी व्यवस्थापनसमेत गरिएको छ । त्यसका लागि नेपाल सरकारका तीन जना उपसचिवसहित २५ जना कर्मचारीहरू खटाइएको छ ।

हेलो सरकारमा आएका गुनासोहरू गुनासोको प्रकृति हेरी सम्बन्धित निकायमा पठाई समस्या समाधानमा सहजीकरणसमेत गर्ने व्यवस्था मिलाइएको छ । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित गुनासोहरू सिधै सम्बोधन पनि हुनेछ ।

गुनासोहरू सम्बोधनका निम्ति 'र्‍यापिड रेस्पोन्स टिम'समेत गठन गरी कायाएन्वयनमा ल्याइएको मुख्यसचिव डा बैकुण्ठ अर्यालले जानकारी दिनुभयो । उक्त टिमले सम्बन्धित निकायमा पठाइएका गुनासोहरू कार्यान्वयन भए वा नभएको अनुगमन गर्नुका साथै गुनासो सम्बोधनका लागि पहल गर्नेछ ।

सो अवसरमा प्रधानमन्त्री प्रचण्डले जनताका समस्यालाई गम्भीरतापूर्वक लिइ समाधान गर्न निर्देशन दिनुभएको छ । उहाँले जनताका गुनासो जति गम्भीरतापूर्वक सम्बोधन हुन्छ, लोकतन्त्र त्यति नै बलियो हुने बताउनुभयो ।

"जनताको गुनासो सुनिएन भन्ने मत पनि छ । यसलाई तीन सिफ्टको कार्यक्रमले पूर्णतः सम्बोधन गर्ने विश्वास लिएको छु । मैले हेलो सरकारको निरीक्षण गरें । कार्यकक्ष हेरे । त्यहाँ आएको गुनासोमध्ये दोलखाको एउटा गुनासो सुनें र त्यसलाई सम्बोधन गर्ने निर्देशनसमेत दिइसकेको छु", प्रधानमन्त्रीले भन्नुभयो ।

"सरकार र नागरिकबीचको सम्बन्धलाई अझै घनिभूत गराउन र शासकीय प्रणालीमा जनताको सहभागितालाई सक्रिय तथा सशक्त बनाउने अवधारणाका साथ १२ वर्ष अघि सुरू भएको हेलो सरकारलाई आइतबारदेखि २४सै घण्टा सञ्चालन गरिँदैछ । सरकार र जनताबीचका सम्बन्ध थप सुदृढ तुल्याउँदै जनसेवा सवलीकरणका निम्ति यो सेवा बिस्तार कार्यक्रमले महत्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो ।

सार्वजनिक निकायबाट भएको काम कारबाहीका सम्बन्धमा प्राप्त जनगुनासोलाई शीघ्र सम्बोधन गर्न तथा जनताको जिज्ञासा समाधान गर्ने र सुझाव लिने कार्यमा सरकार सदैव क्रियाशील रहनुपर्ने उहाँको भनाइ छ ।

राज्यमा सुशासनको प्रवर्द्धनका लागि सार्वजनिक निकायबीच अन्तरक्रियात्मक प्लेटफर्मका लागि प्रभावकारी सञ्जाल निर्माण गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले विश्वका लोकतान्त्रिक मुलुकका लागि आजको प्राथमिकता भनेको नै सार्वजनिक निकायमा पारदर्शिता र उत्तरदायी प्रणालीको प्रवर्द्धन गरी नागरिकको विश्वास आर्जन गर्नुभएको बताउनुभयो ।

आधुनिक राज्यमा खुला सरकारको अवधारणाअनुरूप सार्वजनिक निकायप्रति जनताको भरोसा दिलाउन सरकारले जनतालाई सुन्नुपर्छ भन्ने सैद्धान्तिक मान्यताका आधारमा नै नेपालका सन्दर्भमा हेलो सरकारको अवधारणा विकास गरी सुरु गरिएको प्रधानमन्त्री प्रचण्डले स्मरण गर्नुभयो ।

"वर्तमान राज्यप्रणालीप्रति नागरिकको सकारात्मक अपेक्षा हुनु स्वाभाविक नै हो । यी अपेक्षाबीच जनतामाझ जन्मने गुनासो तथा जिज्ञासाहरूको तत्काल उचित सम्बोधन गर्न सकिएन भने जनता र सरकारबीचको दूरी बढ्दै जाने, राज्य र व्यवस्थाप्रति आमजनताको निराशा र असन्तुष्टि चुलिँदै जानसक्ने विषयको बोध गरेर नै मैले सरकारको नेतृत्व लिएको दिनदेखि सुशासन प्रवर्द्धनको कडीका रूपमा हेलो सरकारलाई थप प्रभावकारी बनाउन संरचनात्मक सुधारका विषयमा दिशानिर्देश गरेको थिएँ । यसैगरी संसद्मा पनि मैले हेलो सरकारलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छु", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो ।

हेलो सरकार सञ्चालनका लागि विश्वविद्यालयसँग सम्झौता गरी इन्टर्नमा विद्यार्थी लिनसक्ने व्यवस्थासमेत गरिएको छ । नेपाल टेलिकम र एनसेलबाट गुनासो, जिज्ञासा वा सुझाव दिने र कल रेकर्डिङ प्रणालीको विकास गरिएको छ ।

हेलो सरकारलाई केन्द्रीयस्तरमा मात्र सीमित नगरी प्रदेश र स्थानीय तहमा समेत यसको सञ्जाल विस्तार गर्नुपर्ने आवश्यकता छ । यस संयन्त्रलाई सरकारी नीति निर्माणमा नागरिक पृष्ठपोषण हुने प्रणालीका रूपमा विकास गर्ने तयारी गरिएको जनाइएको छ ।

"सुशासनको पहिलो शर्त सरकार र जनताबीचको आत्मीय सम्बन्ध बलियो हुनु हो । जनतामा सरकार पनि छ भन्ने अनुभूति गराउन सकिएन भने हामीले जेजति सेवा प्रवाहमा सुधार गरे पनि या सुशासनका कुरा गरे पनि यसले केही अर्थ राख्दैन", प्रधानमन्त्रीले भन्नुभयो, "त्यसैले म सरकारका सबै निकायलाई जनताको गुनासो व्यवस्थापनका विषयलाई पहिलो प्राथमिकतामा राखेर कार्यसम्पादन गर्न निर्देशित गर्दछु । हाम्रा लागि साना तथा महत्वपूर्ण नलाग्न सक्ने गुनासो आमनागरिकका दैनिक जीवनका आयामसँग प्रत्यक्ष जोडिने गर्दछन् ।"

जनताका गुनासो तथा जिज्ञासालाई बास्केटमा राखेर कार्यालयमा स्टोरमात्र गर्ने परम्परागत संयन्त्र र कार्यशैलीले जनताप्रतिको उत्तरदायित्व बोध गराउन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सबै संयन्त्रलाई उत्तरदायित्व बोधले तिखार्न र कार्यसम्पादन गर्नसकेमा मात्र सरकारप्रति जनविश्वास आर्जन गर्न सकिने बताउनुभयो ।

हेलो सरकारसँग प्रत्यक्ष आबद्ध भई सार्वजनिक सरोकारका विषयमा आफ्ना गुनासा, जिज्ञासा कुनै पनि समयमा राख्न र नीति निर्माणका विषयमा रचनात्मक सुझाव तथा सूचना उपलब्ध गराउन तथा सञ्जाल सदस्य बन्न र अन्तरक्रिया गर्न आमजनसमुदायमा प्रधानमन्त्रीले विशेष अनुरोध गर्नुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# पाकिस्तानी नागरिक हईलाई थुनामुक्त गरी स्वदेश पठाउन आदेश

काठमाडौं, १७ भदौ (रासस) ।

सर्वोच्च अदालतले थुनामा रहेका पाकिस्तानी नागरिक मोजाम अब्दुल हईलाई थुनामुक्त गर्न अध्यागमन विभागलगायत निकायका नाममा आदेश जारी गरेको छ ।

न्यायाधीशद्वय सुष्मालता माथेमा र डा मनोजकुमार शर्माको संयुक्त इजलासले शुक्रबार पाकिस्तानी नागरिक हईलाई रिहा गरी आफ्नै देश फिर्ता गराउन आदेश गरेको हो ।

भिसा नियमित नगरी नेपालमा बसेको दाबी गर्दै सर कारले पाकिस्तानी नागरिक हईलाई सन् २०१९ को अक्टोबर ७ तारेखदेखि पक्राउ गरी थुनामा राखेको थियो । भिसा नियमित नगरी आठ सय २३ दिन नेपाल बसेको उल्लेख गर्दै अध्यागमन विभागले रु सात लाख ८१ हजार तीन सय ८९ दशमलव १२ भिसा र विलम्ब शुल्क रु ५० हजार जरिवाना गर्ने निर्णय गरेको थियो ।

उक्त रकम बुझाउन नसकेपछि पाकिस्तानी नागरिक हईलाई सातवर्ष कैद गर्ने गरी विभागले कारागार पठाएको थियो । आफूलाई थुनामुक्त गरी आफ्नो देश फिर्ता गर्न माग गर्दै हईले सर्वोच्च अदालतमा बन्दीको रिट निवेदन दायर गरेका थिए । अदालतले न्यायिक मूल्य र मान्यताको पालना नभएको उल्लेख गर्दै हईलाई थुनामुक्त गरी आफ्नै देश पठाउन सर कारलाई आदेश दिएको हो । उक्त मुद्दामा अधिवक्ताद्वय विकास भट्टर ई र मनिषकुमार श्रेष्ठले बहस गर्नुभएको थियो ।

# चन्द्रमामा भारत, कसले जित्ला अन्तरिक्ष प्रतिस्पर्धा

**प्रेम ढकाल**

आज हामी अन्तरिक्ष यात्राको इतिहास, अन्तरिक्षमा विभिन्न मुलुकहरूबीच भइरहेको प्रतिस्पर्धा र अन्तरिक्षको खोजबाट मानव जातिले पाइरहेका फाइदालगायत विषयमा चर्चा गर्नेछौं ।

केही दिनअघि हाम्रो छिमेकी मुलुक भारत चन्द्रमामा पुग्यो । इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन ( इसरो) ले पठाएको चन्द्रयान-३ को विक्रम नामक ल्यान्डर अगस्ट २३ को साँझ चन्द्रमामा अवतरण भयो ।

विक्रमले चन्द्रमामा गरेको अवतरण टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिएको थियो । जसै ल्यान्डरले चन्द्रमाको सतह छोयो भारतभरि हर्षोल्लास मनाइयो!

चन्द्रमामा विक्रमको अवतरणसँगै भारतले अन्तरिक्ष यात्रामा नयाँ इतिहास रच्यो । भारत चन्द्रमामा यान अवतरण गराउने विश्वकै चौथो मुलुक बन्यो भने चन्द्रमाको दक्षिणी ध्रुवमा त सबैभन्दा पहिलो यान उसैले पठायो ।

यसअघि तत्कालीन सोभियत संघ, अमेरिका र चीनले मात्र चन्द्रमामा यान अवतरण गराएका थिए ।

सन् १९५९ मा पहिलो पटक चन्द्रमामा यान पठाएको रूसले पछिल्लो समय चन्द्रमाका लागि लुना-२५ यान पठाएको थियो । भारतको चन्द्रयान-३ भन्दा केही दिनअघि नै चन्द्रमामा पुग्ने गरी उडेको रूसी यान गन्तव्यमा पुग्न सकेन । भारतको चन्द्रयानभन्दा केही दिन ढिला जमिनबाट उडेको लुना-२५ अगस्ट १९ मा दुर्घटनामा पर्‍यो ।

उक्त दुर्घटनाले कुनै बेला पहिलो पटक चन्द्रमामा पुग्ने विरासत भएको रूस अहिले अन्तरिक्ष यात्रामा कमजोर भएको देखिन्छ । शीतयुद्धकालमा आर्थिक र अन्तरिक्ष विज्ञान लगायत प्रविधिमा सहयोग गरेको गरीब भारतभन्दा रूस पछि परेको छ ।

चन्द्रयानको सफल अवतरणसँगै भारत चन्द्रमाको दक्षिणी ध्रुवमा यान अवतरण गराउने पहिलो देश बनेको छ । द इकोनोमिस्ट पत्रिकाले चन्द्रयान-३ दक्षिणी ध्रुवबाट लगभग ६ सय किलोमिटर टाढा अवतरण भएको औंल्याएको छ । यो ठाउँ कुनै पनि देशले अहिलेसम्म यान अवतरण गरेको चन्द्रमाको सबैभन्दा दक्षिणी भाग हो ।

**अब कुरा गरौं, अन्तरिक्ष यात्राको इतिहासबारे ।**

आकाशमा देखिने सूर्य, चन्द्रमा, तारा, ग्रह र अरू चम्किला वस्तुले मानव जातिलाई सुरूदेखि नै लोभ्याउँथे । यातायातको विकास नभएको त्यो युगमा आफू बस्ने ठाउँकै अलिक पर समुद्रपारि वा हिमालपारि के छ भनेर नदेखेका मान्छे राति आकाश हेरेर गम्थे, रोमाञ्चित हुन्थे । तारा र चन्द्रमा खासमा कति टाढा छन् भनेर भेउ नपाएका उनीहरू चराझैं उड्न सक्ने भए चन्द्रमा छुन सकिन्थ्यो कि भनेर कल्पना गर्थे ।

विस्तारै विज्ञानको विकास हुँदै गयो । अरू धेरै कुरासँगै मान्छेले चन्द्रमा र ताराहरू हामीबाट कति टाढा छन् भन्ने मेसो पाउन थाले । केही शताब्दी पहिलेका मान्छेलाई त्यति टाढाका चन्द्रमा र ताराहरूमा पुग्न असम्भव छ भन्ने लाग्थ्यो ।

विज्ञानको विकाससँगै बीसौं शताब्दीमा भने मान्छेले चन्द्रमामा पुग्ने सपना देख्न थाल्यो । अन्तरिक्ष युगको सुरूवात भने सैन्य क्षमताको विकासको क्रममा भएको हो ।

दोस्रो विश्वयुद्धपछि अमेरिका र तत्कालीन सोभियत संघ सैन्य शक्ति आर्जन गर्ने होडमा लागे । विभिन्न बम र ती बम टाढा-टाढा खसाउनका लागि मिसाइलको विकास गर्न थाले ।

मिसाइलमा प्रयोग हुने र अन्तरिक्ष यान प्रक्षेपण गर्न प्रयोग हुने रकेटको प्रविधि उस्तै हुन्छ । विध्वंशका लागि विकास भएको मिसाइल प्रविधिकै कारण अन्तरिक्ष यात्रा पनि सम्भव भएको हो ।

अहिले अन्तरिक्ष अभियानलगायत प्रायः सबै क्षेत्रमा रूसभन्दा अमेरिका धेरै अघि भए पनि अन्तरिक्षको होडमा भने तत्कालीन सोभियत संघले सुरूमा अमेरिकालाई धेरै पछाडि पारेको थियो ।

पुँजीवादी र साम्यवादी विचारधारामध्ये कुन राम्रो भन्ने होड चलिरहेको त्यो बेलामा कम्युनिष्ट सोभियत संघले पहिलो पटक अन्तरिक्षमा यान पठाएको देखेर अमेरिका तिलमिलाएको थियो ।

४ अक्टोबर १९५७ मा सोभियत संघले स्पुतनिक यानलाई अन्तरिक्षमा पठाएको हो । रूसी भाषामा स्पुतनिकको अर्थ यात्री हुन्छ । नामअनुसार नै अन्तरिक्ष यात्राको पहिलो यात्री स्पुतनिक भयो ।

एक महिनापछि ३ नोभेम्बर १९५७ मा सोभियत संघले एउटा कुकुर राखेर स्पुतनिक- २ पृथ्वीको कक्षमा प्रक्षेपण गर्‍यो । लाइका नाम गरेको त्यो कुकुर अन्तरिक्षमा प्रवेश गर्ने पहिलो प्राणी बन्यो ।

३१ जनवरी १९५८ मा अमेरिकाले पनि एक्सप्लोरर-१ प्रक्षेपण गरेर अन्तरिक्ष होडमा औपचारिक रूपमा प्रवेश गर्‍यो । तर सोभियत संघ अमेरिकाभन्दा धेरै अघि बढिसकेको महसुस गरेर तत्कालीन अमेरिकी राष्ट्रपति ड्वाइट आइजनहावरले अन्तरिक्षसम्बन्धी काम गर्ने बेग्लै संस्था चाहिन्छ भन्ने ठाने । २९ जुलाई १९५८ मा अमेरिकी अन्तरिक्ष संस्था नासाको स्थापना भयो ।

तर पनि अमेरिका सोभियत संघभन्दा पछाडि नै रह्यो । १२ सेप्टेम्बर १९५९ मा सोभियत संघले चन्द्रमाको सतहमा यान अवतरण गरायो ।

लुना-२ चन्द्रमाको सतहमा सफलतापूर्वक अवतरण गर्ने पहिलो यान बन्यो । चन्द्रमामा मात्र नभएर पृथ्वी बाहिरको ठाउँमा अवतरण गर्ने पहिलो मानवनिर्मित वस्तु बन्यो ।

यसरी अमेरिकालाई पछि पार्दै सोभियत संघले अन्तरिक्ष र चन्द्रमामा लगालग कीर्तिमान बनाउन थालेपछि अमेरिकी सरकार दबाबमा पर्‍यो ।

सन् १९६० को अमेरिकाको राष्ट्रपति निर्वाचनमा अन्तरिक्ष होड प्रमुख मुद्दा नै बन्यो । सोभियत संघसँग प्रतिस्पर्धा गर्न नसकेको भन्दै डेमोक्र्याटिक उम्मेदवार जोन एफ केनेडीले तत्कालीन उपराष्ट्रपति तथा रिपब्लिकन पार्टीका राष्ट्रपति उम्मेदवार रिचर्ड निक्सनको चर्को आलोचना गरे ।

अमेरिकी राष्ट्रपतीय निर्वाचनको प्रचारप्रसार चलिरहेकै बेला १९ अगस्ट १९६० मा सोभियत संघले बेल्का र स्ट्रेल्का नामका दुई वटा कुकुरसँगै एउटा खरायो, केही मुसा, झिङ्गा र वनस्पतिसहित स्पुतनिक-५ प्रक्षेपण गर्‍यो । यी जनावरहरू अन्तरिक्षमा एक दिन बसेर सकुशल पृथ्वीमा फर्किए ।

चुनाव जितेर केनेडी राष्ट्रपति बनेको १०० दिन पनि नबित्दै १२ अप्रिल १९६१ मा सोभियत संघले युरी गगारिनलाई अन्तरिक्ष यात्रा गर्ने पहिलो व्यक्ति बनायो । गगारिनले १०८ मिनेट अन्तरिक्ष यात्रा गर्दै पृथ्वीको फन्को मारे ।

५ मे १९६१ मा अमेरिकाले पनि एलन सेपर्डलाई अन्तरिक्षमा पठायो । अन्तरिक्ष होडमा लगातार दोस्रो भएर आजित भएका लोकप्रिय राष्ट्रपति केनेडीले २५ मे १९६१ मा अमेरिकी संसदमा भाषण गर्दै दशकको अन्त्य हुनुअघि नै चन्द्रमामा मान्छे पुर्‍याउने घोषणा गरे । त्यसपछि अन्तरिक्ष यात्रामा अमेरिकाले पैसा खन्यायो ।

१९६३ मा केनेडीको हत्या भयो । तर चन्द्रमामा पुग्ने उनको योजनामा काम रोकिएन । केनेडीले घोषणा गरेझैं सन् १९६० को दशक नसकिँदै २० जुलाई १९६९ मा अमेरिकाका निल आर्मस्ट्रङ चन्द्रमामा हिँड्ने पहिलो व्यक्ति बने ।

सोभियत संघले पहिलो पटक चन्द्रमामा यान अवतरण गराएको १० वर्षमै अमेरिकाले चन्द्रमामा मानव पाइला राखेर अन्तरिक्ष होडमा उसलाई पछि पार्‍यो ।

सन् १९७२ सम्म त १२ जना अमेरिकी अन्तरिक्ष यात्री चन्द्रमामा पुगेर फर्किए । त्यसपछिका ५० वर्षमा भने कुनै पनि मुलुकले चन्द्रमामा मान्छे पठाएका छैनन् ।

अमेरिका र तत्कालीन सोभियत संघको अन्तरिक्ष होडमा सहभागी मुख्य व्यक्तिहरूको कथा पनि रोचक छ । तत्कालीन सोभियत संघको युक्रेन प्रान्तमा जन्मेका सर्गेई कोरोलेभ सोभियत संघको अन्तरिक्ष होडमा सफलताका मुख्य सुत्रधार थिए ।

उनले नै डिजाइन गरेको मिसाइलको प्रविधि प्रयोग गरेर सोभियत संघले अन्तरिक्षमा फड्को मारेको हो । पहिलो अन्तरिक्ष यान स्पुतनिकदेखि चन्द्रमामा पहिलो अवतरण गर्ने लुना-२ सबैमा उनकै सबैभन्दा ठूलो भूमिका थियो ।

कतिपयले त सन् १९६६ मा ५९ वर्षको उमेरमै उनको निधन भएकाले मात्र अमेरिका चन्द्रमामा मान्छे पठाउने पहिलो मुलुक बनेको ठान्छन् ।

अति शंकालु र गोप्य कम्युनिस्ट शासकले कोरोलेभलाई आफ्नै जनताबाट पनि लुकाएको थियो । उसै पनि तानाशाही शासनमा शासकबाहेक अरू कसैको पनि धेरै तारिफ गरिन्न । उनको मृत्युपछि मात्र सोभियत जनताले उनीबारे थाहा पाउन थाले । उनको मृत्युको तीन दशक पछि नासाका पूर्वकार्यकारी निर्देशक जेम्स हार्फोर्डले कोरोलेभको जीवनी लेखेका छन् ।

त्यसअनुसार स्टालिन शासनका बेला सन् १९४१ मा कारबाहीमा परेर कोरोलेभ साइबेरियाको गुलागमा थिए । दोस्रो विश्वयुद्ध चलिरहेको सो समयमा एउटा प्रविधिमा दक्षहरूको शिविरमा उनको क्षमता देखेपछि उनको प्रतिभाको प्रयोग गर्न थालियो । उनले सोभियत युद्ध प्रयासमा योगदान दिए र १९४४ मा रिहा भए । उनको आपराधिक रेकर्ड हटाइयो ।

युद्धपछि उनी लामो दूरीको मिसाइल बनाउने स्पेसल डिजाइन ब्युरो १ को प्रमुख डिजाइनर बने । दोस्रो विश्वयुद्धको अन्तिम दिनहरूमा कब्जा गरेका जर्मन रकेट विशेषज्ञहरूको प्रयोग गरेर उनले रकेटहरू डिजाइन गरे । उनले र उनका सहकर्मीले १९५० को दशकमा रकेटहरूको विकास गर्दै आर-७ भन्ने संसारको पहिलो अन्तरमहादेशीय बलिस्टिक मिसाइल बनाए । त्यही रकेटमा केही परिवर्तन गरेर सोभियत संघले अन्तरिक्ष होडमा अग्रता हासिल गर्‍यो ।

अमेरिकी अन्तरिक्ष कार्यक्रमका मुख्य वैज्ञानिक वेर्नहर भन ब्राउनको भने कालो इतिहास थियो ।

द इकोनोमिस्टले लेखेअनुसार उनी नाजी जर्मनीका लागि काम गर्थे । उनले श्रम शिविरमा दासहरूको प्रयोग गरेर बनाएका रकेटहरूले नाजी जर्मनीले लन्डनमा दोस्रो विश्वयुद्धताका बमबारी गरेको थियो । युद्ध सकिएपछि अमेरिकीहरूले भन ब्राउनलाई जर्मनीबाट सुटुक्क लगे र उनको नाजी विगतका रेकर्ड लुकाए ।

कोरोलेभको जस्तै भन ब्राउनको विगतबारे पनि उनको मृत्यु पछि मात्रै थाहा भयो । सन् १९७० को दशकसम्म अन्तरिक्ष होडमा रहेका अमेरिका र सोभियत संघ बिस्तारै अन्तरिक्षका मामिलामा सहकार्य गर्न थाले । सन् १९९८ मा त इन्टरनेसनल स्पेस स्टेशन (आइएसएस) बनाउन थाले । अरू १३ राष्ट्रहरूसँग मिलेर अमेरिका र अहिलेको रूसले बनाएको आइएसएस अन्तरिक्षमा सबैभन्दा ठूलो संरचना हो । गत वर्ष रूसले युक्रेनमा आक्रमण गरेपछि रूस र पश्चिमा राष्ट्रको सम्बन्ध चिसिए पनि आइएसएस चलाउन सहकार्य गरिरहेका छन् ।

सन् १९७० को मध्यतिरबाट मत्थर भएको अन्तरिक्ष होड पछिल्ला केही वर्षमा फेरि सुरू भएको छ । यो दोस्रो चरणको होडमा भने अमेरिकाको मुख्य प्रतिद्वन्द्वी चीन छ । चीनले सन् २०१३ मा चन्द्रमामा यान अवतरण गराइसकेको छ । त्यसको ६ वर्षपछि चीन चन्द्रमाको अँध्यारो पाटोमा यान अवतरण गराउने पहिलो राष्ट्र बन्यो ।

भर्खरै चन्द्रमामा पुगेको भारतले शनिबार मात्रै सूर्यको अवलोकन गर्न आदित्य-एल१ प्रक्षेपण गर्‍यो । तर अन्तरिक्ष यात्रामा भारत अमेरिका र चीनभन्दा धेरै पछि छ । चीनले यो होडमा आफूलाई जित्ला भनेर डराएको अमेरिकाले फेरि चन्द्रमामा मान्छे पठाउन ठूलो लगानी गरेर आर्टेमिस कार्यक्रम सुरू गरिसकेको छ । २०२४ मा चन्द्रमामा मान्छे पठाउने आर्टेमिस २ मिसनका लागि ४ अन्तरिक्ष यात्रीको छनौट पनि गरिसकेको छ । अहिलेसम्म चन्द्रमामा पुगेका सबै १२ जना गोरा पुरूष थिए । आर्टेमिस-२ का लागि अमेरिकाका एक महिला र एक अश्वेत पुरूष छनौट गरिएको छ ।

पहिलेका मिसनमा प्रयोग भएकाभन्दा शक्तिशाली रकेट प्रयोग हुने आर्टेमिस प्रोग्रामलाई अमेरिकाले मंगल ग्रहमा मान्छे पठाउने तयारीको रूपमा लिएको छ ।

तर मंगल ग्रहमा पुग्नु धेरै गाह्रो हुनेछ । मंगल ग्रह चन्द्रमाभन्दा सयौं गुणा टाढा छ र रातो ग्रहमा पुगेर फर्कन महिनौं लाग्नेछ ।

मंगल ग्रहमा सुरक्षित अवतरण गराएर, महिनौं अन्तरिक्षमा मान्छेलाई राखेर सुरक्षित रूपमा घर फर्काउनु चुनौतीपूर्ण हुनेछ ।

मंगल ग्रहमा मान्छे हिँडाउन को पहिले सफल हुनेछ भन्ने कुराले अमेरिका र चीनको अहिलेको नयाँ अन्तरिक्ष होड कसले जित्यो भनेर टुङ्गो लगाउने छ ।

देशहरूबीच मात्र नभएर अर्बपतिहरूबीच पनि अहिले समानान्तर अन्तरिक्ष होड चलिरहेको छ । अमेरिकाले निजी कम्पनीलाई पनि अन्तरिक्षमा जान अनुमति दिए पछि संसारका सबैभन्दा धनी अर्बपतिहरू एलन मस्क र जेफ बेजोसको होड सुरू भएको छ ।

मस्कको कम्पनी स्पेस एक्स र बेजोसको ब्लु ओरिजिन अहिले शक्तिशाली रकेट बनाउने र नासाको ठेक्का जित्ने होडमा छन् । पृथ्वीमा अथाह सम्पत्ति जोडेका दुबैको पृथ्वीबाहिर मानव बस्ती बसाउने धेरै मुस्किल लक्ष्य छ । मस्कले मंगल ग्रहमा मानव बस्ती बसाउने घोषणा गरेका छन् भने बेजोसले पृथ्वीको नजिकै तैरिरहेने कृत्रिम ट्युब-जस्तो संरचनामा बस्ती बसाउन चाहन्छन् ।

यत्रो धेरै खर्च गरेर विभिन्न देशहरूले अन्तरिक्ष कार्यक्रम किन चलाइरहेका छन् ? चन्द्रयान-३ चन्द्रमामा अवतरण गरेपछि बिबिसी वर्ल्ड न्युजका प्रस्तोताले २०१९ मा चन्द्रयान-२ प्रक्षेपण गरेको बेला एक भारतीयलाई सोधेको प्रश्न सामाजिक सञ्जालमा भाइरल भएको थियो । ७० करोड भारतीयको शौचालयमा पहुँच पनि नभएको बेला चरम गरिबीमा रहेको भारतले अन्तरिक्ष मिसनमा त्यत्रो खर्च गर्नु कति जायज हो भन्ने खालको प्रश्न ती प्रस्तोताले सोधेका थिए ।

चार वर्षअघि सोधिएको भए पनि त्यो प्रश्न अहिले पनि सान्दर्भिक छ । अमेरिकासँग अन्तरिक्ष होडका बेला तानाशाही कम्युनिष्ट व्यवस्था रहेको सोभियत संघमा यस्ता प्रश्न वर्जित हुन्थे । तर प्रजातान्त्रिक अमेरिकामा भने अनेक कोणबाट प्रश्न सोधिन्थे । सोभियत संघसँगको जुँगाको लडाइँका लागि खासै केही उपयोगिता नभएको अन्तरिक्ष होडमा पैसोको खोलो बगाउनु कतिलाई सही लाग्दैन थियो ।

कौतुहल र कहिले नअघाउने ज्ञानको भोकले नै मानव जातिले यति प्रगति गरेको हो । तर कौतुहलताभन्दा बढी महंगो होडका रूपमा सुरू भएको खर्चिलो अन्तरिक्ष कार्यक्रम अहिले हेर्दा आर्थिक रूपमा पनि फाइदाजनक लगानी सावित भएका छन् ।

भू-उपग्रहबिना अहिलेको

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### मध्यआकाशमा इजिप्टको विमानमा इन्धन हालियो

कायरो, १७ भदौ (रासस/एएनआई) ।

भारतीय वायु सेनाको विमानले मध्यआकाशमा इजिप्टको जेट विमानमा इन्धन हालिदिएको छ ।

ब्राइटस्टार सैन्य अभ्यासअन्तर्गत भारतीय वायुसेनाको आकाशमा नै इन्धन भर्ने आईएल-७८ विमानले इजिप्टको वायुसेनाको विमानमा आइतबार इन्धन भरेको हो । "इजिप्टको आकाशमा भारत-इजिप्ट मैत्रीलाई ब्राइट स्टार-२३ को माध्यमबाट अझ सुदृढ बनाउने प्रयास भएको छ," भारतीय वायुसेनाले आफ्ना केही सैन्य अधिकारी आगामी तीनसाता इजिप्टमा रहने जनाउँदै सामाजिक सञ्जालमा भनेको छ ।

यसैबीच, भारतको रक्षा मन्त्रालयले पारस्परिक प्रतिरक्षा सहयोग सुदृढ तुल्याउने उद्देश्यले उक्त द्विवार्षिकी बहुपक्षीय अभ्यासमा वासुसेनाका एक सय ५० जना कर्मचारी ब्राइट स्टार-२३ मा सहभागी हुन इजिप्ट पुगेका जनाएको छ ।

ब्राइटस्टार संयुक्त सैन्य अभ्यासमा अमेरिका, साउदी अरब ग्रीस र कतारका वायुसेनाका अधिकारीले पनि भाग लिएका रक्षा मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

### रुसी सेनामा दुई लाख असी हजारको भर्ती

मस्को, १७ भदौ (रासस/एएफपी) ।

रुसका पूर्वराष्ट्रपति तथा सुरक्षा परिषद्का अध्यक्ष दिमित्री मेदभदेवले बितेका आठ महिनामा रूसी सेनामा दुई लाख ८० हजार मानिसलाई भर्ती गरिएको बताउनुभएको छ । सुदूरपूर्वी टापु सखालिनको भ्रमणमा रहनु भएका पूर्वराष्ट्रपतिले आइतबार उक्त जानकारी दिनुभएको हो ।

युक्रेनसँगको आक्रामक कारबाही १९ औं महिनामा चलिरेहेका बेला धेरैभन्दा धेरै पुरुषलाई सेनामा आकर्षितत गर्ने प्रयास भएको बताउँदै उहाँले केही स्वयंसेवक र जगेडामा रहेका सैनिकलाई रणमैदानमा परिचालन गरिएको बताउनुभएको छ ।

रूसी सेनाले अनलाइन र रूसी सडकहरूमा व्यापक विज्ञापन निकालेर स्वयंसेवक भर्ती गर्न ठूलो प्रचार अभियान पनि सञ्चालन गरेको छ ।

सन् २००८ देखि २०१२ सम्म रुसको नेतृत्व गर्नुभएका मेदभदेवले युक्रेन आक्रमणको समर्थन गर्दै आउनुभएको छ ।

### पाकिस्तानी महिलाले छैटौँ तलाबाट नवजात शिशु फ्याँकेपछि...

कराँची, १७ भदौ (रासस/एएनआई) ।

एक जना पाकिस्तानी महिलाले आफ्नै नवजात शिशुलाई छैटौँ तलाबाट फ्याँकेकी छन् ।

कराँचीको लियाकताबाद क्षेत्रमा रहेको एउटा बहुतले भवनको छैटौँ तलाबाट ती महिलाले आफ्नै सन्तानलाई फ्याँकेको प्रहरीलाई उद्धृत गर्दै एआरवाई न्यूजले जनाएको छ । यो घटना शनिबार अपराह्नको हो । कराँची प्रहरीले तत्काल अनुसन्धान थालेको छ ।

प्रहरीले परिचय सार्वजनिक एक जना महिलालाई आफ्नो नवजात शिशुलाई कराँचीको लियाकताबाद क्षेत्रस्थित भवनको छैठौँ तल्लाबाट फ्याँकेको आरोपमा पक्राउ गरेको एआरवाई समाचारमा उल्लेख छ ।

प्रहरीले पक्राउ परेकी ती महिलासँग सोधपुछ गरिरहेको तथा उनको मानसिकस्थिति शङ्कास्पद रहेको जनाइएको छ । छिमेकीले ती महिला लागूऔषधको दुर्व्यसनमा फसेकी बताएका छन् । प्रहरीले मनोचिकित्सकबाट उनको स्वास्थ्य परीक्षण गरिने एक विज्ञप्ति निकालेर बताएको छ ।

### सबै देशबाट राजदूतलाई फिर्ता बोलाउन निर्देशन

अबुजा, १७ भदौ (रासस/सिन्ह्वा) ।

पश्चिम अफ्रिकी देश नाइजेरियाले विदेशमा रहेका आफ्ना सबै राजदूतहरूलाई फिर्ता बोलाएको छ । राष्ट्रपति बोला टिनुबुले कूटनीतिक सेवा र गैर-कूटनीतिक सेवाबाट विश्वका विभिन्न मुलुकमा नियुक्त भएका सबै राजदूतलाई शनिबार फिर्ता बोलाउन निर्देशन दिनुभएको हो ।

न्यूयोर्क र जेनेभास्थित संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तरराष्ट्रिय निकायमा स्थायी प्रतिनिधिका रुपमा खटिएकाहरूलाई भने तत्काल फिर्ता नबोलाउन राष्ट्रपतिले निर्देशन दिनुभएको राष्ट्रपतिका प्रवक्ता अजुरी एनगेलेले आइतबार एक विज्ञप्ति निकालेर बताएका छन् । संयुक्त राष्ट्रसङ्घको आसन्न ७८ औं महासभालाई दृष्टिगत गरी जेनेभा र न्युयोर्कमा रहेका स्थायी प्रतिनिधिलाई फिर्ता नबोलाइएको उनले स्पष्ट गरेका छन् ।

विदेशमा रहेका नाइजेरियाली वाणिज्य दूतावास कार्यालय र दूतावासको अवस्थाको अनुसन्धानपछि राष्ट्रपतिको यो आदेश आएको हो । नाइजेरियका कूटनीतिक नियोगहरूबाट विश्वस्तरीय दक्षता र गुणस्तर सुनिश्चित गर्ने उद्देश्यले राष्ट्रपति टिनुबुले राजदूत फिर्ता बोलाउन निर्देशन दिनुभएको प्रवक्ता एनगेलेले स्पष्ट गरेका छन् ।

# इटहरीको मुख्य राजमार्ग क्षेत्रमा तीन पाङ्ग्रे इ-रिक्सा चलाउन निषेध

सुनसरी, १७ भदौ (रासस)।

सुनसरीको इटहरी उपमहानगरपालिकाले मुख्य राजमार्ग क्षेत्रमा तीनपाङ्ग्रे इ-रिक्सा चलाउन नदिने भएको छ।

इटहरीमा सिटी सफारीका कारण दुर्घटना बढेको भन्दै मुख्य राजमार्गमा आइतबारदेखि तीनपाङ्ग्रे इ-रिक्सा चलाउन रोक लगाइएको इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेलले बताउनुभयो।

इटहरी उपमहानगरपालिकामा दर्ता भएका सफारीमात्र उपमहानगरपालिकाभित्र चलाउन दिने पनि निर्णय भएको उहाँले जानकारी दिनुभयो। बाटोमा जाम गरेको र दुर्घटना बढाएको भन्दै इटहरीका मुख्य राजमार्गमा सिटी सफारी गुड्न नदिने निर्णय गरिएको उपमहानगर प्रमुख पौडेलले जानकारी दिनुभयो।

इलाका प्रहरी कार्यालय इटहरी, ट्राफिक प्रहरी कार्यालय, इटहरी उपमहानगरपालिका र सफारी सञ्चालकका नेतृत्वबीच सहमति गरेर यस्तो निर्णय भएको उहाँले बताउनुभयो। अबदेखि सिटी सफारी मुख्य सडकमा यात्रुलाई कुरेर बस्न र जथाभावी यात्रु चढाउन तथा ओराल्न रोक लगाइएको उहाँले बताउनुभयो।

इटहरीको मुख्य चोक र राजमार्ग क्षेत्रमा अन्य सवारीसाधन गुड्न पनि असहज भएकामा सफारीले थप असहज पारेको भन्दै सफारीलाई मुख्य सडकमा निषेध गरिएको ट्राफिक प्रहरी कार्यालय कोशी प्रदेशका प्रहरी नायब उपरीक्षक मोहनविक्रम दाहालले जानकारी दिनुभयो।

अहिले उपमहानगरपालिकाले नै सफारी दर्ता गर्दै आएको छ। अहिले इ-रिक्सा सवारी कार्यविधिअनुसार मात्र दर्ता गरी चलाउन पाइने भएको छ। इटहरीमा अन्य पालिकाको सफारी यात्रु पर्खेर बस्न नपाउने जनाएको छ। कार्यविधिअनुसार व्यवस्थित गर्दै इ-रिक्सा दर्ता प्रक्रियामा नम्बरिङ पनि गर्ने भएको छ।

इ-रिक्सा पहिचान गर्न ट्राफिक व्यवस्थापनमा सहजता हुने उपमहानगरले जनाएको छ। इटहरीभित्र करिब पाँच हजार सफारी सञ्चालनमा रहेको र इटहरीमा केवल एक हजार एक सय सफारीमात्र दर्ता प्रक्रियामा आएको इटहरी उपमहानगरले जनाएको छ।

# कान्तिपुर टीभीसहित १२ कम्पनी आईपीओ निष्कासनको लाइनमा

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ भदौ।**

पछिल्ला दिनहरूमा धितोपत्र बजारमा प्राथमिक सेयर आईपीओ प्रिमियम मूल्यमा निष्कासन गर्ने कम्पनीहरू थपिँदै गएका छन्। तर, हाल नेपाल धितोपत्र बोर्डमा हाइड्रो र 'अन्य' समूहमा पर्ने १० वटा कम्पनीले भने अंकित मूल्य १०० रुपैयाँमा नै आईपीओ निष्कासनका लागि निवेदन दिएका छन्।

निवेदन दिएकामध्ये दुईवटा उत्पादन तथा प्रशोधन समूहमा पर्ने कम्पनीले भने 'बुक बिल्डिङ' विधिबाट आईपीओ निष्कासन गर्न बोर्डमा निवेदन दिएका छन्।

बुक बिल्डिङ विधिबाट आईपीओ निष्कासन गर्नेमा रिलायन्स स्पिनिङ मिल्स र सर्वोत्तम सिमेन्ट रहेका छन्। यी दुई कम्पनीले योग्य संस्थागत लगानीकर्तालाई बोलकबोलमार्फत सेयर बिक्री गरेर मात्र सर्वसाधारणलाई आईपीओ निष्कासन गर्नेछन्।

बाँकी १० वटा कम्पनीले भने बोर्डबाट स्वीकृति पाएपछि हाल प्रचलित प्रक्रियाबाट नै आईपीओ निष्कासन गर्नेछन्। आईपीओ निष्कासनका लागि बोर्डमा आवेदन दिनेमा हिमस्टार कम्पनी, डिस मिडिया नेटवर्क, आइएमई लिमिटेड, दरमखोला हाइड्रो इनर्जी र कान्तिपुर टेलिभिजन रहेका छन्।

यस्तै, एक्कर्ड फर्मास्युटिकल्स, नेपाल वेयरहाउजिङ कम्पनी, ट्रेड टावर, मुक्तिनाथ कृषि कम्पनी र सानिमा हाइड्रोपावर पनि आईपीओको तयारीमा रहेका छन्।

यी कम्पनीहरूले आईपीओ निष्कासनका लागि विभिन्न समयमा बोर्डमा निवेदन दिएका हुन्। कतिपयले भने यसैवर्ष आवेदन दिएका छन्। प्रचलित नियमअनुसार आवश्यक कागजपत्र पूरा नगरेपछि यी कम्पनीहरूको आईपीओ प्रक्रिया अगाडि नबढेको बोर्डले जानकारी दिएको छ।

बोर्डमा आवेदन दिँदाको विवरणअनुसार हिम स्टार ऊर्जा कम्पनीले ११ लाख १९ कित्ता आईपीओ निष्कासन गर्न अनुमति मागेको छ। यो कम्पनीले २०८० जेठ ३१ गते बोर्डमा आवेदन दिएको हो।

त्यस्तै, डिस मिडियाले एक करोड ३५ लाख ८४ हजार ९५५ कित्ता आईपीओ निष्कासन गर्ने बोर्डमा २०८० असार १२ गते अवेदन दिएको हो। आइएमई लिमिटेडले २०८० असार २९ गते १० लाख कित्ताका लागि र दरमखोला हाइड्रो इनर्जीले ३९ लाख ५० हजार कित्ता आईपीओ निष्कासनका लागि २०८० भदौ ५ गते अनुमति माग गरेको हो।

कान्तिपुर टेलिभिजनले सात लाख ५० हजार कित्ता आईपीओ निष्कासनका लागि बोर्डमा २०८० जेठ २८ गते निवेदन दिएको छ। एक्कर्ड फर्मास्युटिकल्सले २०७९ पुस ४ गते सात लाख ६ हजार ९०९, नेपाल वेयरहाउजिङ कम्पनीले २०७९ पुस २२ गते १३ लाख ७५ हजार, ट्रेड टावरले २०७९ असार १४ गते ११ लाख ५८ हजार ९८० र सानिमा हाइड्रोपावरले २०८० जेठ २६ गते १४ लाख ७० हजार कित्ता आईपीओ निष्कासन गर्न अनुमति मागेका छन्।

तर, मुक्तिनाथ कृषि कम्पनीले आईपीओ निष्कासनका लागि आवेदन दिएको डेढ वर्ष बितिसक्दा पनि अनुमति पाएको छैन। यो कम्पनीले २०७८ फागुन २० गते बोर्डमा आईपीओ निष्कासनका लागि निवेदन दिएको थियो। कम्पनीले अंकित मूल्य १०० रुपैयाँमा १४ लाख कित्ता आईपीओ निष्कासन गर्न अनुमति मागेको थियो।

हालसम्म पनि यो कम्पनीले आईपीओ निष्कासनका लागि अनुमति पाएको छैन। तर, प्रिमियम मूल्यमा आईपीओ निष्कासन गर्न चाहने कम्पनीले भने लगातार आईपीओ निष्कासन गरिरहेका छन्। हाल सिटिजन लाइफ इन्स्योरेन्सले पनि आईपीओ प्रतिकित्ता २४४ रुपैयाँमा निष्कासन गरिरहेको छ। यो कम्पनीको आईपीओमा आवेदन दिने अवधि भदौ १९ गतेसम्म रहने छ।

# पेप्सीकोलामा बस दुर्घटना हुँदा दुई जनाको मृत्यु

काठमाडौँ, १७ भदौ (रासस)।

काठमाडौँको पेप्सीकोलामा सवारी दुर्घटनामा परी घाइते भएका १४ जनामध्ये दुईजनाको मृत्यु भएको छ।

जडीबुटीदेखि पेप्सीकोलातर्फ जाँदै गरेको क्षेत्रीय उपत्यका बस व्यवसायी सङ्घको बा ३ ख ४८४८ नम्बरको बस र विपरीत दिशाबाट आएको बा ६ च ५३४२ नम्बरको बलेरो गाडी आइतबार बिहान ७:३० बजे ठोकिँदा दुर्घटना भएको थियो।

दुई गाडी ठोकिँदा बागमती प्रदेश ०२-०३७ प ५३११ नम्बरको डिओ स्कुटर र बागमती प्रदेश ०२-०४१ प ४८३८ नम्बरको एफजेड मोटरसाइकलसमेत दुर्घटनामा परेका थिए।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले दुर्घटनामा घाइते भएकामध्ये दुई जनाको अस्पतालमा मृत्यु भएको जानकारी दिनुभयो। मृत्यु हुनेमा मोटरसाइकल चालक सर्लाहीका २१ वर्षीय राज भट्टराई र सशस्त्र प्रहरी बल सिनामङ्गलमा कार्यरत २५ वर्षीया उषा थापा रहेका छन्। दुर्घटनामा सङ्लग्न बस चालक रामेछापका २४ वर्षीय जनक राउतलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### *चन्द्रमामा भारत, ...*

आधुनिक प्रविधिको युग कल्पना पनि गर्न सकिँदैन। सञ्चारलगायत भू-उपग्रहको प्रयोग गर्ने प्रविधिले जीवन सजिलो मात्रै नबनाएर 'राम्रो मौसम पूर्वानुमान' हरेक वर्ष गरेर प्राकृतिक विपत्तिबाट लाखौं मान्छेको ज्यान बचाउँछ।

चन्द्रमा, मंगल अरू ग्रहको इतिहासको अध्यनले पृथ्वीको आफ्नै इतिहास बुझ्न पनि सजिलो भएको छ। ग्रह र अन्तरिक्षमा धेरै शक्तशाली दूरबिन पठाएर अहिले मान्छेले धेरै टाढाका तारा मण्डलबारे पनि अध्ययन गर्न सक्ने भएको छ। त्यहाँ जीवन छ कि छैन भनेर खोज्न सकिने भएको छ। ब्रम्हाण्ड सुरू हुनेबित्तिकैका घटनासमेत देख्न सक्ने भएको छ।

एस्टेरोइड वा पुच्छेतारा पृथ्वीमा ठोक्किएर डायनोसर युगको समाप्त भएजस्तो प्रलय नहोस् भनेर अहिले वैज्ञानिकले निरन्तर निगरानी गर्छन्। कुनै पिण्ड ठोक्किनै लाग्यो भने त्यसलाई पृथ्वीबाट तर्काउने कोशिश गर्न सक्छन्। २६ सेप्टेम्बर २०२२ मा वैज्ञानिकहरूले डबल एस्टेरोइड रिडाइरेक्सन टेस्ट गर्दै पृथ्वीभन्दा झन्डै १ करोड १० लाख किलोमिटर टाढा रहेको एउटा पिण्डमा यानले ठक्कर दिएर त्यसको बाटो परिवर्तन गराए। यो प्रविधि विकास हुँदै गएर कुनै दिन साच्चै कुनै पिण्ड पृथ्वीमा ठोक्किन लाग्यो भने पृथ्वीलाई जोगाउन सकिनेछ।

सकिएन र प्रलय भयो भने वा जलवायु परिवर्तन वा अरू कुनै कारणले पृथ्वी मानव बस्न योग्य रहेन भने पनि संसारका धनाढ्यहरू मस्क र बेजोसले देखेको सपनाजस्तै अर्को ग्रहमा वा पृथ्वीको नजिकै तैरिरहेने कृत्रिम ट्युबमा मानव जातिको निरन्तरता हुन सक्नेछ। सेतोपाटीबाट

### *प्रतिजैविक ...*

प्रयोगबारे प्रयोगकर्तालगायत गैर स्वास्थ्यकर्मीले सजिलै पहिचान गर्न रातो धर्का कोर्ने प्रावधान लागू गरेको जनाइएको छ। प्रतिजैविक औषधिको अधिक प्रयोग, न्यून प्रयोग तथा अनावश्यक प्रयोगले गर्दा उत्पन्न हुने प्रतिजैविक प्रतिरोधलाई न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय प्रचलनअनुसार प्रतिजैविक औषधिको पहिलो र दोस्रो प्याकिङ्गको लेवलमा रातो धर्का लगाउने अभ्यास रहँदै आएको छ।

# संविधान दिवस तीन दिन मनाउने सरकारको निर्णय

काठमाडौं, १७ भदौ (रासस)।

नेपाल सरकारले संविधान दिवसलाई विविध रचनात्मक कार्यक्रमसहित तीन दिन भव्यतापूर्वक मनाउने निर्णय गरेको छ। आइतबार बिहान सिंहदरबारमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको संविधान दिवस मूलसमारोह समितिको बैठक संविधान दिवस भव्यताका साथ मनाउने निर्णय गरेको हो।

बैठकले असोज २, ३ र ४ गते विविध कार्यक्रमका साथ संविधान दिवस मनाउने निर्णय गरेको हो। कार्यक्रमअन्तर्गत असोज २ गते विशेष संवाद, जनचेतनामूलक कार्यक्रम, संविधान दिवस विशेषाङ्क प्रकाशन, अन्तरक्रिया, दीपावली लगायतका कार्यक्रम हुनेछन्।

असोज ३ गते सैनिक मञ्च टुँडिखेलमा संविधान दिवस विशेष समारोह गर्ने, विभिन्न मठ, मन्दिर, गुम्बा, धार्मिक एवं सांस्कृतिक सङ्घसंस्था, शैक्षिक प्रतिष्ठानमा संविधान दिवस बनाउने र साँझ दीप प्रज्ज्वलन गर्ने लगायतका कार्यक्रम हुनेछन्। असोज ४ गते जागरणमूलक कार्यक्रमका साथै दीप प्रज्ज्वलन गर्ने र नेपालस्थित नेपाली दूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका साथै उपत्यका बाहिर पनि विविध कार्यक्रम हुनेछन्।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले संविधान दिवस औपचारिक सरकारी कार्यक्रम मात्र नभएर आम जनताको उत्सव भएको बताउँदै कार्यक्रमलाई आम समुदायको स्वामित्व हुनेगरी विस्तार गर्नुपर्ने बताउनुभयो।

**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हुलमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**बाढी/पहिरोबाट सतर्क रहौं।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np